# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८) कटुञ्जे, भक्तपुर, पुष २६ गते, २०८१ साल (संख्या ५

# भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

**कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल**

सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए मोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८१ सालको ऐन नं. ५

## आर्थिक ऐन प्रथम संशोधन, २०८१

# सूर्यविनायक नगरपालिकाको आर्थिक ऐन, २०८१
# (प्रथम संशोधन २०८१)

प्रस्तावनाः

सूर्यविनायक नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर स्थापनाको ८औं वर्षमा नगरसभाको सत्रौ अधिवेशनबाट यो ऐन जारी गरिएको छ ।

**भाग १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " सूर्यविनायक नगरपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन,२०८१ रहेको छ ।

(२) यो ऐन विक्रम सम्बत् २०८१ साल फागुन १ गतेदेखि लागु हुनेछ।

२. सूर्यविनायक नगरपालिकाको आर्थिक ऐन, २०८१ (यसपछि मूल ऐन भनिएको) को अनुसूची ३ मा संशोधन : मूल ऐनको अनुसूचि ३ मा देहाय बमोजिम संशोधन गरिएको छ।

(क) क्र.सं. ३.३ मा सुन चाँदी तथा गहना बनाउने पसलको दर्ता र नविकरण शुल्कमा

| | | |
|---|---|---|
| **"रु. ३० लाख भन्दा माथि** | २५,००० | २५,००० |

भन्ने व्यवस्थाको सट्टा देहायका व्यवस्था राखिएका छन्।

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ५०,००० | ३५,००० |
| रु. ५० लाख माथि १ करोड भन्दा माथि | ४०,००० | ३०,००० |
| रु. ३० लाख भन्दा माथि ५० लाख सम्म | २५,००० | २५,००० |
| रु. २० लाखभन्दा माथि ३० लाख सम्म | १०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | ७००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

(ख) क्र.सं. ३.६ को कार्पेट पर्दा अन्य फर्निचर पसलको दर्ता र नविकरण शुल्कमा

| | | |
|---|---|---|
| **"रु. २० लाखभन्दा माथि** | २०,००० | १०,०००" |

भन्ने व्यवस्थाको सट्टा देहायका व्यवस्था राखिएको छ ।

| पूँजी | **दर्ता** | **नविकरण** |
|---|---|---|
| **"रु. १ करोड भन्दा माथि** | ४५,००० | २५,००० |
| **रु. ५० लाखभन्दा १ करोड सम्म** | ३५,००० | १५,००० |
| **रु. २० लाख भन्दा ५० लाख सम्म** | २०,००० | १०,०००" |

(ग) क्र.सं. ३.९ मा "**दुधडेरी**" र "**आइसक्रिम पार्लर**" भन्ने व्यवस्था झिकिएको छ ।

(घ) क्र.सं. ३.९ पछि क्र.सं. ३.९ (क) थप गरिएको छ ।

**"३.९(क) दुधडेरी र पार्लर व्यवसाय**

| **विवरण** | **दर्ता दस्तुर रु** | **नविकरण** |
|---|---|---|
| **रु.१ करोड भन्दा माथि** | ३५,००० | १५,००० |
| **रु. ५० लाख माथि १ सम्म** | २०,००० | १०,००० |
| **रु. २० लाख भन्दा माथि ५० लाख सम्म** | १०,००० | ७,००० |
| **रु. १० लाख भन्दा माथि २० लाख सम्म** | ५,००० | ५,००० |
| **रु.१० लाख सम्म।** | ३,५०० | ३,५०० |

(ङ) क्र.सं. ५.५ मा "शेयर दलाल" भन्ने व्यवस्था पछि "**शेयर इन्भेष्टर**" भन्ने शब्दावली थप गरिएको छ ।

(च) क्र.सं. ६.९ मा रहेका "**घ वर्ग इजाजत प्राप्त गरी सोको व्यवसाय दर्ता तथा नवीकरण**" भन्ने शब्दहरु हटाइएका छन् ।

(छ) क्र.सं.१५ बाट "**ढुवानी सेवा**" भन्ने शब्दहरु हटाइएका छन् ।

(ज) क्र.सं.१७ मा हाउजिग भन्ने शब्द पछि "**जग्गा खरिद विक्रि**" भन्ने शब्दहरु थप गरिएका छन् ।

(झ) क्र.सं. २३.१० मा "**दर्ता रु २०,००० नवीकरण रु ३०,०००**" भन्ने वाक्यांश को सट्टामा "**दर्ता रु ३०,००० नवीकरण रु २०,०००**" भन्ने वाक्यांश राखिएको छ ।

(ञ) क्र.सं. २७.२ मा रहेका "**जग्गा खरिद विक्रि (रियल स्टेट)**" भन्ने शब्दहरु हटाइएका छन् ।

(ट) क्र.सं. ३१ पछि देहायको क्र.सं. ३१.१ ३१.२ ३१.३ ३१.४ ३१.५ ३१.६ ३१.७ थप गरिएको छ ।

"३१.१ ढुवानी सेवा (इम्पोर्ट एक्सपोर्ट) प्रा.लि.

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ५०,००० | ३५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ४०,००० | ३०,००० |
| रु. ३० लाख भन्दा माथि ५० लाख सम्म | २५,००० | २५,००० |
| रु. २० लाख भन्दा माथि ३० लाख सम्म | १०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | ७००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.२ अन्तराष्ट्रिय आयात निर्यात कम्पनी दर्ता दस्तुर नविकरण दस्तुर

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ५०,००० | ३५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ४०,००० | ३०,००० |
| रु. ३० लाख भन्दा माथि ५० लाख सम्म | २५,००० | २५,००० |
| रु. २० लाख भन्दा माथि ३० लाख सम्म | १०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | ७००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.३ हाइड्रोपावर कम्पनी

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ५०,००० | ३५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ४०,००० | ३०,००० |
| रु. ३० लाख भन्दा माथि ५० लाख सम्म | २५,००० | २५,००० |
| रु. २० लाख भन्दा माथि ३० लाख सम्म | १०,००० | १०००० |

| | | |
|---|---|---|
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | ७००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.४ इन्भेष्टमेन्ट कम्पनी

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ४५,००० | २५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ३५,००० | १५,००० |
| रु. २० लाख भन्दा माथि ५० लाख सम्म | २०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | १०००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.५ उर्जा कम्पनी

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ४५,००० | २५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ३५,००० | १५,००० |
| रु. २० लाखभन्दा माथि ५० लाख सम्म | २०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | १०००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.६ अक्सिजन ग्यास र एल पी ग्यास डिपो

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ४५,००० | २५,००० |
| रु. ५० लाख माथि १ करोड सम्म | ३५,००० | १५,००० |
| रु. २० लाखभन्दा माथि ५० लाख सम्म | २०,००० | १०००० |
| रु. १० लाख भन्दा माथि २० लाख सम्म | १०००० | ७००० |
| रु.१० लाख सम्म। | ५००० | ५००० |

३१.७ सेकुरिटी सर्भिस

| विवरण | दर्ता दस्तुर रु | नविकरण |
|---|---|---|
| रु.१ करोड भन्दा माथि | ४५,००० | २५,००० |

| | | |
|---|---|---|
| **रु. ५० लाख माथि १ करोड सम्म** | ३५,००० | १५,००० |
| **रु. २० लाख भन्दा माथि ५० लाख सम्म** | २०,००० | १०००० |
| **रु. १० लाख भन्दा माथि २० लाख सम्म** | १०००० | ७००० |
| **रु.१० लाख सम्म।** | ५००० | ५००० |

(ठ) क्र.सं. ३२.४ मा "**१ दिनको रु ५००० २ दिनदेखि ७ दिन सम्म प्रतिदिन रु ५००० र थप रु ५००० र ७ दिन भन्दा बढी प्रतिदिन रु ७००० र थप रु ५०००**" भन्ने व्यवस्थाको सट्टामा "**अधिकतम ७ दिनसम्म प्रतिदिन रु ५०००, ७ दिन भन्दा वढीका लागि प्रतिदिन रु ७०००**" राखिएको छ ।

(ड) क्र.सं. ४४ पछि देहायको क्र.सं. ४५, ४६ र ४७ थपिएको छ।

| | | |
|---|---|---|
| ४५ | **व्यवसायको नाम संशोधन तथा परिवर्तन दस्तुर** | **रु १०००** |
| ४६ | **व्यवसायको उद्देश्य थप बापतको दस्तुर** | **रु १५००** |
| ४७ | **घडेरी / जग्गा सम्याउने अनुमति दस्तुर प्रति घडेरी प्रति घण्टा** | **रु ५००** |

३. मूल ऐन को अनुसूची १० मा संशोधन : मूल ऐनको अनुसूचि १० मा देहाय बमोजिम संशोधन गरिएको छ।

(क) क्र.सं. ८.१९ मा रहेको "**रु ५००**" को सट्टामा "**रु १०००**" राखिएको छ ।

(ख) क्र.सं. ८.१९ पछि देहायको क्र.सं. ८.१९ (क) थप गरिएको छ ।

**"8. 19(क) तालाबन्दी बहाल कोठा खोल्ने प्रयोजनका लागि बहाल खुलेको भए सोही बमोजिम र नखुलेको भए न्यूनतम बहाल कर घर/कोठा रु ५०००।" र व्यवसायिक प्रयोजनको लागि भए बहाल कर प्रति कोठा रु ५०००।" कायम गर्ने।"**

(ग) क्र.सं. १०.२(ख)मा **प्रतिलिपी वा फोटो खिचे वापत प्रतिलिपी वा फोटो खिचे वापद प्रति पेज रु ५** भन्ने वाक्यांश हटाइ "**प्रति पेज १० का दरले**" भन्ने वाक्यांश थप गरिएको छ।

(घ) क्र.सं. १०.२(ख) पछि देहायको क्र.सं. १०.२(ग) १०.२(घ) थप गरिएको छ ।

**"क्र.सं १०.२(ग) रोक्का निवेदन दस्तुर रु.१०००"**

**"क्र.सं १०.२(घ) न्यायिक समिति अन्तरगतको मेलमिलाप कर्ताको वार्षिक नविकरण शुल्क रु ५००"**

(ङ) क्र.सं. १०.६ पछि क्र.सं. १०.६(क) थप गरिएको छ ।

**" क्र.सं. १०.६ निजी प्रयोजनको लागि सार्वजनिक संरचना क्षति पुर्याइ पुनर्निर्माण गर्दा क्षति मूल्याङ्कनको दोब्बर धरौटी दाखिला गरी दस्तुर वापत रु १०००"**

(च) क्र.सं. १२.३ मा रहेको "**प्रति घर रु १००० वा**" भन्ने वाक्यांश हटाइएको छ।

(छ) क्र.सं. १२.७ मा रहेको "**प्रति घर रु १००० वा**" भन्ने वाक्यांश हटाइएको छ।

(ज) क्र.सं. २४ पछि क्र.सं. २५ थप गरिएको छ ।

**"क्र.सं. २५) घर पालुवा कुकुर विरालो दर्ता नवीकरण दस्तुरः दर्ता रु. ५०० र वार्षिक नवीकरण रु.३००।"**

प्रमाणीकरण मितिः २०८१ पुस २६ गते

आज्ञाले,

तारानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत